## निर्णय नं. १

२०८१ साल कार्त्तिक २९ गते सम्पन्न बैठकबाट भएका निर्णयहरुको सम्बन्धमा आजको बैठकमा समिक्षात्मक छलफल गर्दा निम्नानुसार पाइयो ।

१. उमेरहदका कारण अनिवार्य अवकाश पाउनु भएका श्री गञ्जमाया लिम्बु र श्री सावित्रा वाग्लेलाई जनही रु २०,००० का दरले रकम उपलब्ध गराएको ।

२. भू-उपयोग वर्गीकरणमा छुट भएको जगगा वर्गीकरणका लागि मालपोत कार्यालय र नापी कार्यालयमा पठाएको ।

३. धनपा-७ जिरोप्वाइन्ट आसपास र टुडिँखेल आसपासको जमिन भासिने अवस्थाको अध्ययनका लागि खानी तथा भूगर्भ विभागमा लेखि पठाएको ।

४. गणतन्त्र चिनको फुझाउ नगरपालिकासँग भगिनी सम्बन्ध कायमका लागि MOU सहित प्रदेश सरकार समक्ष पठाइएको ।

५. आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समितिको बैठक सम्पन्न भएको ।

## निर्णय नं. २

धनकुटा नगरपालिका वडा नं ३ को वडास्तरिय वार्षिक स्वीकृत कार्यक्रम व शी.नं. २२५३३ महिला क्षमता विकास कार्यक्रममा स्वीकृत रु १,००,०००, व शी.नं. ३११५१ रुपेश राईको घर देखि भाषा कागते सडक निर्माणमा स्वीकृत रु १,००,०००, र , व शी.नं. ३११५१ स्याउले चुलेघाँटी सडक स्तरोन्नतिमा स्वीकृत रकम रु १,५०,००० गरी जम्मा ३,५०,००० चाडपर्व सडक सरसफाई व.शी.नं. ३११५१ मा थप गर्ने तथा व.शी.नं. ३११५१ कृषि अनुददान कार्यक्रममा स्वीकृत रकमबाट रु २,००,००० शिव मूर्ति स्थापना तथा मञ्च व्यवस्थापन शीर्षकमा कायम गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

धनकुटा नगरपालिका - ६ मा रहेको पुरानो कारागार भवन जीर्ण भइ धराप अवस्था रहेकोले जिल्ला प्रशासन कार्यालयबाट भत्काइ दिन नगरपालिकालाई अनुरोध भइ आएको हुनाले प्राविधिकबाट ल.इ गराई सोही ल.इ बमोजिम भत्काउन सुरु गरिएको हुनाले उक्त कार्यको अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

धनकुटा नगरपालिकाका सबै वडाबाट व्यवसाय कर लगायतका सबै कर संकलन कार्य भइरहेको हुनाले राजश्व प्रशासन उपशाखामा रहेका वडागत रुपमा रहेका करसँग सम्बन्धित पुराना अभिलेखहरु सम्बन्धित वडालाई उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ५

धनकुटा नगरपालिकाको १५ औं नगरसभा २०८१/९/९ गते आयोजना गर्ने र कार्यपालिकाको बैठक २०८१/९/७ बस्ने निर्णय गरियो ।

## निर्णय नं. ६

सुख्खा याममा हुने आगलागीका लागि दमकलमा पानी भर्ने पात्ले खोलामा बनेको टयाङ्कीमा जाने बाटो खोलाले बगाएर दमकल जान अति कठिनाई छ भने टयाङ्कीमा पानी भर्न पाईप जोड्न असहज भई पानी भर्न अत्यन्त कठिनाइ भइरहेकोले धर्म गंगा मन्दिर आसपास क्षेत्रमा दमकलमा पानी भर्न एक रिजर्भायर टयाङ्की निर्माण गर्ने निर्णय गरियो ।

## निर्णय नं. ७

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट यस पालिकामा विश्व बैंकको सहयोगमा सञ्चालन हुन गइ रहेको Institutionalizing GEnder Base Violence Response in Nepal कार्यक्रम सञ्चालनका लागि करार सेवामा लिन लागिएको GBV specialist को Terms of reference प्राप्त भएकोले उक्त TOR मा निम्न कुरा थप गरी पारित गर्ने निर्णय गरियो ।

- ७ वर्षको व्यवसायिक अनुभवलाई १० वर्षको बनाउने ।
- स्थानीय तहमा काम गरेको अनुभव थप गर्ने।
- स्थानीय तहका मिल्दा अन्य काम लगाउन सक्ने व्यवस्था थप गर्ने।

## निर्णय नं. ८

चालु आ.ब. २०८१/०८२ का लागि विनयोजित गरिएको तपशिल वमोजिम पालिका स्तरिय कार्यक्रम कार्यन्वयनका लागि स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७९ तथा धनकुटा नगरपालिकाको विनियोजन ऐन २०८१ को दफा ३ वमोजिम निम्न कार्यक्रमहरुको स्रोत, बजेट रकम साथै कार्यक्रममा रकमान्तर, संशोधन तथा थप घट गर्ने निर्णय गरियो ।

## घटाउने

| क्र.सं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | ख.शि.नं | बजेटको स्रोत/तह | प्रासिको श्रोत | रकम | कै |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश तथा संघीय सरकारलाई फिर्ता गर्नु पर्ने अनुदान रकम | २८२१९ | आन्तरिक श्रोत | आन्तरिक श्रोत | ९००००० | |
| २ | प्रदेश तथा संघीय सरकारलाई फिर्ता गर्नु पर्ने अनुदान रकम | २८२१९ | आन्तरिक श्रोत | आन्तरिक श्रोत | ८००००० | |
| ३ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २२४१२ | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | २५५००० | |
| ४ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२२२१ | आन्तरिक श्रोत | आन्तरिक श्रोत | ६६७००० | |
| ५ | गत आ.ब. २०८०/०८१ को भुक्तानी बाँकी दायित्व- श्री सजल विट वोर्ड तथा फर्निचर उद्योग | ३११२३ | आन्तरिक श्रोत | आन्तरिक श्रोत | १८८५९७ | |
| ६ | कर्मचारी तालिम खर्च | २२५११ | राजस्व बाँडफाँड- स्थानीय | राजस्व बाँडफाँड | ५००००० | |
| ७ | बिमा तथा नवीकरण खर्च | २२२१४ | आन्तरिक श्रोत | आन्तरिक श्रोत | ४५०००० | |
| ८ | दायित्व- मकै विउ खरिद ध.न.पा. ६ | ३११३१ | आन्तरिक श्रोत | आन्तरिक श्रोत | ४५१०९ | |
| ९ | इन्धन - अन्य प्रयोजन | २२३१४ | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | ६००००० | |
| १० | कर्मचारी कल्याण कोष- कर्मचारी कल्याण कोषमा जाने रकम | २१२१४ | कोशी प्रदेश | समानिकरण अनुदान | ३३२५७०६ | |
| ११ | मेशिनरी तथा औजार | ३११२२ | राजस्व बाँडफाँड स्थानीय | राजस्व बाँडफाँड | ६२०००० | |
| १२ | प्रदेश तथा संघीय सरकारलाई फिर्ता गर्नु पर्ने अनुदान रकम | २८२१९ | आन्तरिक श्रोत | आन्तरिक श्रोत | ९९९९९ | |

**बढाउने**

| क्र.सं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | ख.शि.नं | बजेटको स्रोत/तह | प्रासिको श्रोत | रकम | कै |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय व्यक्तित्व र विपन्न नागरिक स्वास्थ्य उपचार | २७११२ | आन्तरिक श्रोत | आन्तरिक श्रोत | ३००००० | |
| २ | अन्य सामाजिक सहायता | २७२१९ | आन्तरिक श्रोत | आन्तरिक श्रोत | ६००००० | |
| ३ | सवारी साधन तथा मेशिनर औजार भाडा | २८१४३ | आन्तरिक श्रोत | आन्तरिक श्रोत | ५००००० | |
| ४ | नमस्ते धनकुटा विविध सांस्कृतिक कार्यक्रम- त्रिवेणी नाट्य बराह | २२५२२ | आन्तरिक श्रोत | आन्तरिक श्रोत | ३००००० | |
| ५ | इन्धन - अन्य प्रयोजन | २२३१४ | कोशी प्रदेश | समानिकरण अनुदान | ६००००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २२४१२ | कोशी प्रदेश | समानिकरण अनुदान | २५५००० | |
| ७ | बिमा तथा नवीकरण खर्च | २२२१४ | कोशी प्रदेश | समानिकरण अनुदान | ४५०००० | |
| ८ | गत आ.ब. २०८०/०८१ को भुक्तानी बाँकी दायित्व- श्री सजल विट वोर्ड तथा फर्निचर उद्योग | ३११२२ | कोशी प्रदेश | समानिकरण अनुदान | १८८५९७ | |
| ९ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२२२१ | कोशी प्रदेश | समानिकरण अनुदान | ६६७००० | |
| १० | कर्मचारी कल्याण कोष- कर्मचारी कल्याण कोषमा जाने रकम | २१२१४ | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | ८५५००० | |
| ११ | कर्मचारी कल्याण कोष- कर्मचारी कल्याण कोषमा जाने रकम | २१२१४ | आन्तरिक श्रोत | आन्तरिक श्रोत | १३५०७०६ | |
| १२ | कर्मचारी कल्याण कोष- कर्मचारी कल्याण कोषमा जाने रकम | २१२१४ | राजस्व बाँडफाँड — स्थानीय | राजस्व बाँडफाँड | ११२०००० | |
| १३ | कर्मचारी तालिम खर्च | २२५११ | कोशी प्रदेश | समानिकरण अनुदान | ५००००० | |
| १४ | दायित्व- मकै विउ खरिद ध.न.पा. ६ | २२५२२ | कोशी प्रदेश | समानिकरण अनुदान | ४५१०९ | |
| १५ | मेशिनरी तथा औजार | ३११२२ | कोशी प्रदेश | समानिकरण अनुदान | ६२०००० | |
| १६ | दायित्व-जेष्ठ नागरिक सम्मान कार्यक्रम वडा नं ५ | २२५२२ | आन्तरिक श्रोत | आन्तरिक श्रोत | ९९९९९ | |

## निर्णय नं. ९

गत आर्थिक वर्ष २०८०/०८१ मा भुक्तानी हुन बाँकी भएको फंसुवा खोलाबाट ढुंगा, गिट्टी, बालुवा, ग्रावेल लगायत निर्माण सामाग्री उत्खनन सम्बन्धी प्रारम्भिक वातावरण परिक्षण (IEE) को भुक्तानी चालु आ.ब.को खर्च शिर्षक नं. २२५२२ (राजश्व सुदृढीकरण कार्यक्रम- ध.न.पा.) बाट भुक्तानी गर्ने निर्णय गरियो ।

## निर्णय नं. १०

चालु अ.व.को निम्न वडाको वडा स्तरीय कार्यक्रमको शीर्षक परिवर्तन निम्नानुसार शीर्षक कायम गर्ने निर्णय गरियो।

- वडा नं ४ व.शी.न. २२५२२ लालीगुरास महिला समुह घुम्ति कोषको सट्टा लालीगुरास महिला कृषि सहकारी सँस्था लि.घुम्तीकोष कार्यक्रम
- वडा नं १ व.शी.न. २२५२२ हिले वजार तथा १ नं. वढाको महत्वपूर्ण स्थलहरुको प्रचार प्रसारको सट्टा पशुपालन अनुदान कार्यक्रम
- वडा नं ९ व.शी.न. ३११५९ मुलघाट सौचालय निर्माणको सट्टा डस्टविन खरिद र वितरण कार्यक्रम

## निर्णय नं. ११

धनकुटा नगरपालिकामा निम्नानुसारका योजना एवं कार्यक्रम सञ्चालनका लागि एल.एम.वि.एस. मा शशर्त योजना र रकम प्रविष्ट भइ आएको हुनाले नियमानुसार कार्यान्वयन प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

१. रुद्रबारी हाडी थुम्का वाघखोर र जडिबुटि पंहुच मार्ग धनकुटा नगरपालिका धनकुटा रु ९९,००,०००।-
२. याक्चना-लामीछाने पाथिभरा पिङडाडा वेलचोक त्रिवेणी मोर्स खामडाडा मिलमिले दोभान जडिबुटी पंहुच मार्ग धनकुटा रु ९९,००,०००।
३. क्षयरोग मुक्त स्थानीय तह अभियान अनुरुप स्थानीय तहमा विस्तार रु १,२१,८००।-

## निर्णय नं. ११

नगर कार्यपालिका रनगरसभावाट स्वीकृत हुने ऐन,नियम,र कार्यविधीको मस्यौदा तयारीका लागि गठन गरिएको प्राविधिक कार्यदलाई निम्नानुसार पुनर्गठन गर्ने निर्णय गरियो ।

१. श्री दशरथ राई - प्रमुख प्रशासकीय अधिकृत - संयोजक
२. श्री सीताराम गौतम-प्रशासन, योजना तथा अनुगमन अधिकृत- सदस्य
३. श्री नरबहादुर भुजेल-लेखा अधिकृत- सदस्य
४. श्री डम्बर बहादुर रोगु- सामाजिक विकास अधिकृत- सदस्य
५. श्री विकास अधिकारी- आर्थिक विकास अधिकृत- सदस्य
६. श्री ...शिक्षा, युवा तथा खेलकुद विकास शाखा प्रमुख- सदस्य
७. श्री बिकाराम राई- शाखा अधिकृत- सदस्य सचिव

<u>निर्णय नं. १२</u>

२००६ साल भाद्र ७ गते जन्मनु भएका धनकुटा नगर कार्यपालिकाका सदस्य भोगेन्द्र कुमार राईका पुजनीय पिता श्री अमृतलाल राईको २०८१ साल मंसिर २६ गतेका दिन ७५ वर्ष ३ महिना १० दिनको उमेरमा भएको असमायिक निधनले हामी सबैलाई स्तब्ध बनाएको छ । यस दुखद् घडीमा मृतक अमृतलाल प्रति श्रद्धान्जली अर्पण गर्दै सोक सन्तप्त कार्यपालिका सदस्य भोगेन्द्र कुमार राई लगायत सम्पूर्ण परिवारजनमा यो बैठक हार्दिक समवेदना व्यक्त गर्दछ ।